यी दुर्घटनाहरु सजिलैसँग हटाउन सकिने खालका छन् । मादक पदार्थको मत लागेको बेलामा सवारी साधन नचलाउनले जीवनको रक्षा सकिन्छ ।

- केही समय पछि नै सवारी चलाउनु छ भने मादक पदार्थ सेवन नगर्नुहोस् ।
- यदि मादक पदार्थ सेवन गर्ने योजना बनाउनु भएको छ भने घर जानु भन्दा पहिले कति पिउनु पर्छ भन्ने कुरा यकिन गर्नुहोस् ।
- संयम(मादक पदार्थ नपिएको) भएको कुनै व्यक्तिलाई घरसम्म सवारी चलाएर लैजान लगाउनुहोस् ।
- मादक पदार्थको मत लागेको बेलामा साथी र परिवारका सदस्यहरुलाई सवारी चलाउन निरुत्साहित गर्नुहोस् । ed.
- मादक पदार्थको मत लागेको कार चालकको कारमा आफू स्वयम् पनि नचढ्नुहोस् वा आफ्नो बच्चालाई पनि चढ्न नलगाउनुहोस् ।

## बच्चालाई कहिलै पनि एक्लै कारमा नछोड्नुहोस्

बच्चालाई एक्लै कारमा छोड्नदा वा अनलक गरेको कारको वरिपरि बच्चालाई छोड्दा एकदमै खतरा हुन सक्छ ।

- बच्चालाई कारमा एकदमै छिटो गरम हुन सक्छ । बढीगरम, १४ वर्ष भन्दा मुनिका बच्चाहरुको कारसँग सम्बन्धित मृत्यु मध्य एक हुन् र विशेष गरी एरिजोना(Arizona)को गर्मीमा खतरा हुन सक्छ ।
- इन्जिन चलिरहेको कारमा बच्चालाई एक्लै नछोड्नु होस् नाचोद्नुहोस होस् र कारमा साँचो नछोड्नुहोस् । यसो गर्नाले तपाईको बच्चासँगै कार गुडेर दुर्घटना हुन सक्छ ।
- अनलक गरी राखेको कारको वरिपरि बच्चालाई छोड्दा तिनीहरु आफै बन्द भई बढी तातो भएर वा उकुस-मुकुस भएर उनीहरु जोखिममा पर्न सक्छ ।

यी दुर्घटनाहरु सजिलैसँग हटाउन सकिन्छ ।

- तपाई जतिसुकै पनि चाँडो फर्केर आउने भएपनि, बच्चालाई कहिलै पनि एक्लै कारमा नछोड्नुहोस् ।
- कहिलै पनि इन्जिन चलिरहेको बेला आफ्नो सवारी साधन नछोड्नुहोस् वा कारमा कहिलै साँचो नछोड्नुहोस् ।
- महत्वपूर्ण सामग्रीहरु जस्तै, फोन, वालेट(पर्स), वा ब्रिफकेस बच्चा सुतेको नजिकै राख्नुहोस्, जुन कुरा कहाँ छन् भन्ने कुरा कहिलै पनि बिर्सनु हुने छैन ।
- आफ्नो बच्चालाई कारमा, कारको मुनी वा कारको वरिपरि खेल्नु हुँदैन भनी सिकाउनुहोस् ।
- यदि तपाईले लक गरेको कारमा बच्चा देख्नु भएको छ भने 9-1-1 मा कल गर्नुहोस् ।

## सडक पार गर्दा

कार नचलाउँदा पनि कारको वरिपरि रहँदा एकदमै सुरक्षित रहन महत्वपूर्ण छ । आफ्नो परिवारलाई सुरक्षितसँग कसरी सडक पार गर्ने भन्ने कुरा सिकाउनुहोस् र  यी असल बानीहरुको नमूना बनाउन निश्चय गर्नुहोस् ।

- सडक पार गर्नु भन्दा पहिला आउंदै गरेका गाडीहरुलाई दायाँ र बायाँ हेर्नुहोस् ।
- सडक पार गर्न लागि बनाएको ठाउँबाट मात्रै पार गर्नु होस् ।
- भरपर्दो ठुला मान्छेको हात समातेर मात्रै सडक पार गर्नु पर्छ भनेर साना बच्चाहरुलाई सिकाउनुहोस् ।
- पार्किंग गर्ने ठाउँमा र गाडी घर बाटो(driveways)मा सावधान रहनुहोस् ।

Arizona Department of Health Services

# कारको वरिपरि सुरक्षित रहनुहोस्



शरणार्थी सवास्थय कार्यक्रम
एरिजोनको सवास्थय सेवा विभाग

# कारको वरिपरि बचचालाई सुरक्षित राख्ने

## ट्राफिक नियमको पालना

दुर्घटनाको जोखिमलाई कम गर्ने सबभन्दा सजिलो तरिका सवारी चलाउँदा सबै ट्राफिक नियमको पालना गर्नु हो र सकेसम्म सुरक्षितसँग सवारी चलाउनु हो ।

- सिमित गतिको पालना गर्नुहोस् ।
- रातो बत्तिमा र रोक्ने संकेतहरुमा रोक्नुहोस् ।
- सवारी चलाउँदा अल्मल्याउने कुराहरुलाई ध्यान नदिनुहोस् ।
- तपाई भन्दा अगाडिको गाडीलाई नजिक भएर नपछयाउनु होस् ।

## सिट बेल्टको पयोग्ग

सावधानी पूर्वक सवारी चलाए पनि कहिले कहिँ दुर्घटना हुने सम्भावना हुन्छ । पूर्व तयारी रहन एकदमै महत्वपूर्ण छ, र सब उत्तम उपाय भनेको सवारी चलाउँदा सिट बेल्ट लगाउनु हो । यो महत्वपूर्ण छ किनभने:

- सिट बेल्टले प्रत्येक वर्ष हजारौको ज्यान बचाउँछ ।
- कार दुर्घटना हुँदा सिट बेल्टले घाइते हुने सम्भावनालाई एकदमै कम गर्छ
- एरिजोनामा, सिट बेल्ट लगाउनु एउटा कानून हो । यदि तपाई वा तपाईको कुनै पनि यात्रुले सिट बेल्ट लागेको छैन भने, तपाईले जरिवाना तिर्नु पर्ने हुन्छ ।

तपाईले आफ्नो सिट बेल्ट ठिक तरिकाले छ कि छैन भनी निश्चय गर्न एकदमै महत्वपूर्ण छ ।

- सिट बेल्ट कम्मरमा सुरक्षितसँग लगाएको हुनु पर्छ र काँधको बेल्ट छाती माथि लागेको हुनु पर्छ ।
- काँध बेल्ट पाखुरा मुनि, पछाडी पट्टि, र घाँटीमा लगाउनु हुँदैन । यदि तपाई दुर्घटनामा पर्नु भयो भने, यसले गम्भीर घाइते बनाउन सक्छ ।
- सिट बेल्ट खुकुलो भएको हुनु हुँदैन । बच्चाहरु सिट बेल्टसँग नखेलेको वा सिट बेल्ट खुकुलो बनाएको छैन भनी निश्चय गर्नुहोस् ।

## सुरक्षित कार सिट

एकदमै साना बच्चाहरुलाई उचित कार सिटमा राखेर नियमित सिट बेल्ट लगाउनु पर्छ । आफ्नो बच्चाको सुरक्षाको लागि सही कार सिटको छनोट गर्न एकदमै महत्वपूर्ण छ ।

- गलत कार सिटको प्रयोगले खतरा हुन सक्छ । आफ्नो बच्चाको उमेर, उचाई, र तौल अनुसार निर्माण गरिएको कार सिटको छनोट गर्न निश्चय हुनु होस् ।
- एरिजोनाको कानून अनुसार, ८ वर्ष भन्दा कम उमेर वा 4 फुट 9 इन्च(4'9") भन्दा होचो सबै बच्चाहरुलाई कार सिट वा बुस्टर सिटमा राख्नु पर्ने नियम छ ।
- आफ्नो बच्चालाई कस्तो प्रकारको कार सिट चाहिने हो भन्ने निश्चय गर्न दायाँ पट्टिको हेर्नु होस् ।

तपाईले सही कार सिट प्राप्त गर्नु भएपछि, यसलाई सही तरिकाले जडान गर्न आवश्यक छ र आफ्नो बच्चाको सही तरिकाले सुरक्षा गर्नुहोस् ।

- हर्नेस(कवज) तपाईको बच्चाको छातीमा राम्ररी रहेको छ भनी यकिन गर्नुहोस् ।
- बक्कल्स र चेस्ट क्लिप सुरक्षित छ भनी यकिन गर्नुहोस् ।
- यदि तपाईलाई कार सिट कसरी प्रयोग गर्ने भन्ने कुरा यकिन छैन भने, सहयोग र थप साधनको लागि तपाईको पुर्स्थापना एजेन्सीलाई सोध्नु होस् ।

## नसा लागेको बेला कहिलै सवारी नचलाउनु

मादक पदार्थ सेवन वा लागू औषध सेवन गरेको बेलामा सवारी चलाउँदा कहिलै पनि सुरक्षित हुँदैन र आफै, आफ्ना यात्रुहरु, र अरु चालकहरुलाई गम्भीर घाइते बनाउन सक्छ ।

- मात(नसा) लागेका चालकहरुको कारणले दुर्घना हुँदा प्रत्येक वर्षमा सयौ मानिसहरुको ज्यान जान्छ ।
- मात(नसा) लागेको बेला सवारी चलाउनु भनेको गैर-कानूनी काम हो र यसको परिणाम जरिवाना र जेलमा पनि पर्न सक्छ ।










